# <u>सहभागीका लागि जानकारी पत्र</u>

नमस्कार!!

**अनुसंधानको विषय :**

"टोक्योमा बस्नुहुने भाषा विद्यार्थीहरुको, क्षयरोग (TB) तथा HIV/AIDS संग सम्बन्धित ज्ञान, आफुले महसुस गरेको रोग लाग्ने सम्भावना र स्वास्थ्य सेवाको पहुँच"

**अनुसंधानको बारेमा छोटो विवरण**

यस पत्रले माथि उल्लेखित अनुसन्धानको बारेमा जानकारी गराउनेछ | हामी यस अनुसन्धानमा तपाईंको सहयोगको अपेक्षा गर्दै, स्वेच्छाले सहभागी हुन विनम्र अनुरोध गर्दछौं | तसर्थ, यो पत्र राम्रोसंग पढेर यस अनुसन्धानको प्रक्रियाबारे जानकार हुन अनुरोध गर्दछौं | यदि यस अनुसन्धान सम्बन्धि कुनै जिज्ञासा भएमा कृपया तल उल्लेखित व्यक्तिहरुलाई सम्पर्क गर्नुहोला |

**यस अनुसन्धानका उद्देश्यहरु :**

१) टोक्योमा बस्नुहुने भाषा विद्यार्थीहरुको, क्षयरोग (TB) तथा HIV/AIDS संग सम्बन्धित ज्ञान बारे अध्ययन गर्न

२) उहाँहरुमा आफुले महसुस गरेको क्षयरोग (TB) तथा HIV/AIDS रोग लाग्ने सम्भावनाको बारे अध्ययन गर्न

३) उहाँहरुमा क्षयरोग (TB) तथा HIV/AIDS रोगसंग सम्बन्धित स्वास्थ्य सेवाको पहुँच बारे अध्ययन गर्न

**अनुसन्धान प्रक्रिया :**

यदी तपाईं सहभागिताका लागि मन्जुर हुनुहुन्छ भने, हामी तपाइंलाई आफ्नो ३० मिनेट समय प्रदान गर्न अनुरोध गर्दछौं | यस प्रश्नपत्रमा हामी तपाईंलाई केहि व्यक्तिगत प्रश्नहरु सोध्नेछौं | यी प्रश्नहरु तपाईंको सामाजिक/आर्थिक पृष्ठभूमि, जापानमा स्वास्थ्य सेवाको पहुँच, भाषा क्षमता, स्वास्थ्यस्थिति, क्षयरोग (TB) तथा HIV/AIDS संग सम्बन्धित ज्ञान आदि बारे हुनेछन।

यस अनुसन्धानको शिलशिलामा तपाईंको नाम कहीं कतै उल्लेख हुने छैन, प्रश्नपत्रमा कोड नम्बर मात्र प्रयोग गरिने छन् | तपाईंले दिनुभएका सूचना तथा जवाफहरुको गोपनियता लागि हामी तपाईंहरुलाई विश्वस्त गराउँछौं | । तपाईंले गर्नुभएको सहयोग बापत तपाईंलाइ ५०० येन बराबरको Quo card प्रदान गरिनेछ। यो अध्ययनको लागि Research Ethics Committee of Kyorin University बाट स्वीकृति लिईएको छ।

**सहभागिताबाट हुन सक्ने फाइदा र बेफाइदाहरु :**

यस अनुसन्धानको शिलशिलामा सोधिने केहि प्रश्नहरुहरुले तपाईलाई केहि असजिलो महसुस गराउँन सक्नेछ | तर तपाईले दिनुहुने जवाफ र सूचनाहरुले हामीलाई यस विषयलाई अझ राम्रोसंग बुझ्न र भविष्यमा यस विषय अन्तर्गत विभिन्न प्रभावकारी स्वास्थ्य कार्यक्रम निर्माण गर्न मद्दत गर्ने छ | तपाईले कुनै पनि प्रश्नको जवाफ दिन नचाहेको अथवा भाग लिन नचाहेको खण्डमा कुनै पनि समयमा आफूखुशी यस अनुसन्धानबाट आफ्नो सहभागिता फिर्ता लिन सक्नुहुनेछ|

**गोपनीयता :**

यस अनुसन्धानको शिलशिलामा संकलन गरिने तथ्य तथा सूचनाहरु गोप्य रहनेछन् | यस अनुसन्धान संग सम्बन्धित व्यक्तिहरुले मात्र यी तथ्य र सूचनाहरु हेर्न र प्रयोग गर्न सक्नेछन् | तपाईंको नाम कहीं कतै उल्लेख हुने छैन | तसर्थ भबिष्यमा प्रकाशित कुनै पनि रिपोर्ट र लेखहरुमा तपाईंको नाम कहीं कतै उल्लेख उल्लेख हुने छैन |

**सहभागिता फिर्ता लिने :**

यस अनुसन्धानमा तपाईंको सहभागिता नितान्त आफूखुशी हुनेछ | तपाईले कुनै पनि समयमा आफूखुशी यस अनुसन्धानबाट कुनै सजाय वा जरिवाना बिना आफ्नो सहभागिता फिर्ता लिन सक्नुहुनेछ |

**आफूखुशी मन्जुरीनामा दिने :**

यदी तपाईंले माथि उल्लेख गरिएका सबै कुराहरु राम्रोसंग बुझ्नु भएको र सहभागी हुन चाहनु भएको खण्डमा तपाईंले यस अनुसन्धानमा भाग लिन सक्नु हुनेछ|

केहि जिज्ञासा भएमा सम्पर्कको लागि :

Professor Tsutomu Kitajima

Faculty of Social Sciences

Kyorin University

5-4-1 Shimorenjaku, Mitaka-shi, Tokyo 181-8612, Japan

E-mail: kitajima@ks.kyorin-u.ac.jp

Dr. Prakash Shakya

Kyorin University

4-9-2-316, Shinkawa, Mitaka-shi, Tokyo181-004, Japan

E-mail:prakashcanvas@gmail.com